# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

गभर्नर डा. युवराज खतिवडा केही समयको स्वास्थ्य उपचारपछि आज २०७० असोज २१ गतेदेखि कार्यालयको नियमित काममा फर्कनुभएको छ । गत असोज १२ गतेका दिन स्वास्थ्यमा असजिलो महसुस भएपछि उहाँ स्वास्थ्योपचारका निम्ति शहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना हुनुभएको थियो । स्वास्थ्य स्थिति सामान्य भएपछि असोज १९ गते उहाँ अस्पतालबाट घर फर्कनु भएको थियो ।

यसैबीच, स्वास्थ्योपचारका सिलसिलामा शीघ्र स्वास्थ्यलाभको कामना गर्नुहुने सबै शुभचिन्तकहरूलाई गभर्नर डा. खतिवडाले हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको छ ।

गभर्नरको कार्यालय

२०७० असोज २१ गते, सोमवार